दोरम्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## टोकरपुर, रामेछाप

## वाग्मती प्रदेश, नेपाल

प.स.७६/७७ च.नं.

**आन्तरिक आयको सँकलन गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति :(२०७७/०३/१५ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ र दोरम्वा गाउँपालिकाको राजश्व परामर्श समितिको निर्णयानुसार दोरम्वा गाउँपालिकाको आ.व. २०७६/७७ को आय ठेक्का मिति २०७७ साउन १ देखि २०७८ असार मसान्तसम्म आन्तरीक आय संकलन गर्नुपर्ने भएकोले गाउँपालिकावाट तोकिएको दररेटमा राजश्व संकलनको ठेक्का लिन इच्छुक सवैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। साथै सुचना यस कार्यालयको वेभसाइट www.dorambamun.gov.np मा समेत हेर्न सकिनेछ।

**ठेक्काको विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | दररेट | न्युनतम ठेक्का अंक | दरभाउपत्र फाराम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|
| १-२०७७/७८ | यस गाउँपालिकामा उत्पादन भई गाउँपालिका वाहिर निकासी हुने आलु तरकारी लगायतका कृषिजन्य वस्तुको निकासी शुल्क | ठुलो गाडी (फोरह्वील) को हकमा रु १००० र सानोको हकमा रु ५००। | २,५०,०००।- **रु दुई लाख पचास हजार रुपैया मात्र** ( मु.अ.कर बाहेक) | १,०००।- (**एक हजार**) | कबोल अङ्कको ५%(**पाँच प्रतिशत**) |

**ठेक्का सम्वन्धी शर्तहरु :-**

१. ठेक्का लिन इच्छुक व्यक्ति वा फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र आ.व.२०७५/७६ का लागि नवीकरण भएको इजाजतपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि सहित रितपुर्वक निवेदन दिई दरभाउपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अङ्क र अक्षरमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औ दिनको १२:०० वजे भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा बोलपत्र दर्ता गराउनुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

३. बोलपत्र फारम साथ बोलपत्र जमानत वापतको रकम (कबोल अङ्कको ५% ले हुन आउने रकम) यस गाउँपालिका कार्यालयको ग्लोवल आई एम ई वैक, दोरम्वा शाखामा रहेको **धरौटी खाता**मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ।

४. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

५. दरभाउपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ५०% ले हुन आउने रकम यस कार्यालयमा जम्मा गरेको सक्कल बैक भौचर र ठेक्का अंकको बुझाउन वाँकी ५०% ले हुन आउने रकम मंसीर १५ गतेभित्र गाउँकार्यपालिकाको कार्यालयमा वुझाउनुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेस गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ।

६. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पुर्ण करहरु ठेकदार स्वयंमले आफ्नो तर्फबाट बुझाउनु पर्नेछ। तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनैपनि कर रकमहरु समावेस गरिएको छैन।

७. प्रचलित ऐन वमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा १० प्रतिशत रकम सम्म छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागी भने छुट दिईने छैन।

८. ठेक्का अवधि दोरम्वा गाउँपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७८ साल असार मसान्तसम्म रहनेछ।

९. दरभाउपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यस सुचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त बोलपत्र फाराम साथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछन।

प्रमुख प्रशासकीय अधिकृत
दोरम्वा गाउँकार्यपालिकाको कार्यालय